स्वीकृत मिति: २०७९।२।३१

# राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयन कार्यविधि, २०७९

प्रदेश सरकार

शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय

लुम्बिनी प्रदेश, सुकाम बुटवल, नेपाल

२०७९

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय
बुटवल, नेपाल

# राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयन कार्यविधि, २०७९

**प्रस्तावना**: लुम्बिनी प्रदेश सरकारले स्वीकृत गरेको प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ अनुसार प्राविधिक तथा व्यावसायिक तालिम सम्बन्धी कार्य जिम्मेवारी शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालयको क्षेत्राधिकारभित्र रहेको छ। नेपाल सरकार र स्वीस सरकारबीच भएको दुई पक्षीय सम्झौता र नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना दोस्रो चरण (Nepal Vocational Qualification System Project-NVQS-P, Phase II) को दस्तावेजमा प्रदेश स्तरमा राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली (National Vocational Qualification System- NVQS) कार्यान्वयन गर्ने विषय समावेश भएकोले कार्यक्रम तथा स्रोत परिचालनलाई पारदर्शी, व्यवस्थित र नतिजामूलक बनाउने अभिप्रायले, प्रदेश सुशासन नियमावली, २०७७ को नियम ९ बमोजिम मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस कार्यविधिको नाम "राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयन कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"मन्त्रालय"** भन्नाले लुम्बिनी प्रदेशको शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्छ।

(ख) **"परियोजना"** भन्नाले नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना (Nepal Vocational Qualification System Project-NVQS-P) सम्झनु पर्छ।

(ग) **"स्थानीय तह"** भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिकालाई सम्झनु पर्दछ।

(घ) **"राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली"** भन्नाले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम क्षेत्रको सुधारका लागि आवश्यक पर्ने प्रमुख प्रणाली सम्झनु पर्दछ।

(ङ) **"राष्ट्रिय सीप परीक्षण समिति"** भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नियमावली, २०५१ को दफा ८ बमोजिम गठित समिति सम्झनु पर्दछ।

(च) **"परियोजना कार्यान्वयन तथा समन्वय समिति"** भन्नाले परियोजनाको समन्वय तथा कार्यान्वयन गर्न दफा ४ बमोजिम गठित परियोजना कार्यान्वयन तथा समन्वय समिति (Project Implementation Coordination Committee-PICC) सम्झनु पर्दछ।

(छ) **"प्रदेश परियोजना समन्वय इकाई"** भन्नाले परियोजनाको कार्यान्वयन गर्न मन्त्रालयबाट गठित दफा ५ बमोजिमको प्रदेश परियोजना समन्वय इकाई (Provincial Project Coordination Unit-PPCU) लाई सम्झनु पर्दछ।

(ज) **"प्रदेश परियोजना सहयोग इकाई"** भन्नाले परियोजना कार्यान्वयनका लागि प्राविधिक सहयोग गर्ने संस्थाको सहयोगमा स्थापना भएको दफा ६ बमोजिमको प्रदेश परियोजना सहयोग इकाई (Provincial Project Support Unit-PPSU) सम्झनु पर्दछ।

(झ) **"आजीवन सिकाई"** भन्नाले रोजगारीको सिलसिलामा प्रत्यक्ष वा परोक्ष रुपमा जीवनभर आर्जन गरिएको ज्ञान र सीपलाई (Lifelong Learning) सम्झनु पर्दछ।

(ञ) **"मूल्यांकनकर्ता"** भन्नाले मूल्यांकन गर्ने व्यक्ति (Assessor) सम्झनु पर्दछ ।

(ट) **"दक्षता"** भन्नाले कार्यस्थलमा आवश्यक पर्ने सबै निर्धारित ज्ञान, सीप, क्षमता, धारणाहरुको लगातार प्रयोग गरी कुनै पनि विशेष काम वा कर्तव्य पूरा गर्ने क्षमता (Competency) लाई सम्झनु पर्दछ।

(ठ) **"दक्षतामा आधारित मुल्यांकन"** भन्नाले कुनै पनि व्यक्तिको प्रतिस्पर्धात्मक दक्षता वा क्षमताको निर्धारण गर्न प्रमाणहरुको संकलन र न्यायिक परीक्षण गर्ने विधि (Competency-Based Assessment) लाई सम्झनु पर्दछ।

(ड) **"पूर्व सिकाई मान्यता"** भन्नाले कुनै पनि व्यक्तिले जीवनको पूर्वार्धमा अनौपचारिक सिकाई विधिबाट आर्जन गरेको योग्यता (ज्ञान, सीप र धारणा) प्रयोग हुने स्तर र क्रेडिटको मूल्यांकन भन्ने सम्झनु पर्दछ।

(ढ) **"लाभग्राही"** भन्नाले प्रणाली मार्फत प्रत्यक्ष वा परोक्ष रुपमा फाइदा पाउने व्यक्ति वा संस्था सम्झनु पर्दछ।

(ण) **"सरोकारवाला"** भन्नाले प्रणाली कार्यान्वयनसँग प्रत्यक्ष सम्बन्धित व्यक्ति, पदाधिकारी, निजी क्षेत्र र संस्था समेतलाई सम्झनु पर्दछ।

(त) **"वार्षिक कार्यक्रम कार्ययोजना"** भन्नाले वार्षिक रुपमा गरिने सम्पूर्ण क्रियाकलापहरुको योजना तथा बजेट उल्लेख गरिएको विस्तृत विवरण भएको दस्तावेज (Yearly Plan of Operations) लाई सम्झनु पर्दछ।

३. <u>कार्यविधिको उद्देश्य</u>: (१) यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ:-

(क) राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली परियोजना कार्यान्वयन गर्न सहयोग गर्ने,

(ख) प्रदेश तथा स्थानीय तहमा राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको प्रभावकारी रुपमा संस्थागत विकास गर्ने,

(ग) सरोकारवालाको क्षमता अभिवृद्धिमा सहजीकरण गर्ने,

(घ) प्रणाली/परियोजना कार्यान्वयनमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न सहयोग पुर्याउने,

(ङ) प्रणाली/परियोजना कार्यान्वयन गर्न गठन हुने संरचनालाई कार्यपद्धति/कार्ययोजना अनुसार कार्यान्वय गर्न सहयोग गर्ने |

## परिच्छेद -२

## <u>संस्थागत संरचनाको व्यवस्था</u>

४. <u>परियोजना कार्यान्वयन तथा समन्वय समिति</u> **<u>(Project Implementation Coordination Committee)</u>**: (१) मन्त्रालयबाट सञ्चालन हुने समग्र परियोजना कार्यान्वयनको लागि आवश्यक नीति

तर्जुमा, समन्वय एवं मार्गदर्शन गर्ने नेपाल सरकार र स्वीस सरकारबीच भएको दुई पक्षीय सम्झौता र नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजनाको दोस्रो चरणको दस्तावेज अनुसार मन्त्रालयमा देहाय बमोजिमको परियोजना कार्यान्वय तथा समन्वय समिति रहनेछ:-

(क) सचिव, मन्त्रालय -अध्यक्ष

(ख) अधिकृत प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ग) अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा सहकारी मन्त्रालय - सदस्य

(घ) अधिकृत प्रतिनिधि, प्रदेश योजना आयोग -सदस्य

(ङ) अधिकृत प्रतिनिधि, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय -सदस्य

(च) निर्देशक, प्रदेश प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् -सदस्य

(छ) प्रदेश उद्योग बाणिज्य महासंघको प्रतिनिधि एकजना -सदस्य

(ज) प्रतिनिधि, प्रदेश उद्योग परिसंघ -सदस्य

(झ) प्रमुख, शैक्षिक योजना तथा अनुसन्धान महाशाखा, मन्त्रालय —सदस्य सचिव

(ञ) प्राविधिक संयोजक, प्रादेशिक परियोजना सहयोग इकाई नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना -स्थायी आमन्त्रित सदस्य

(२) उपदफा (१) बमोजिमको समितिले बैठकमा आवश्यकता अनुसार विभिन्न क्षेत्रका विज्ञलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक तीन महिनामा कम्तिमा एक पटक बस्नेछ ।

(४) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) प्रणाली/परियोजना कार्यान्वयन सम्बन्धी रणनीतिक विषयमा छलफल गरी कार्यान्वयनका लागि निर्देशन दिने,

(ख) परियोजना कार्यान्वयनको लागि आवश्यक नीतिगत सुझाव प्रदान गर्ने,

(ग) परियोजना सञ्चालनको लागि प्रदेश परियोजना समन्वय इकाईले तयार गरेको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृतिका लागि संघिय परियोजना संचालन समितिलाई सिफारिस गर्ने,

(घ) प्रणाली/परियोजना सञ्चालनको लागि प्रदेश परियोजना समन्वय इकाईले तयार गरेको आवधिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ङ) प्रणाली/परियोजना सञ्चालनको लागि आवश्यकता अनुसार संघीय र प्रादेशिक मन्त्रालय बीच समन्वय गर्ने,

(च) परियोजना अन्तर्गत सञ्चालित कार्यक्रमको अनुगमन गरी पृष्ठपोषण र निर्देशन दिने,

(छ) प्रदेश परियोजना समन्वय इकाईको सिफारिस बमोजिम सीप मुल्यांकन प्रामाणिकारण, सीप मुल्यांकन प्रामाणिकरण कार्यका लागि अनुगमनका विधि तथा निर्देशिकहरुको अध्यविधिक गर्ने,

(ज) परियोजना कार्यान्वयन सम्बन्धमा उत्पन्न समस्या समाधान गर्ने,

(झ) अपेक्षित उपलब्धी हासिल गर्ने कार्यको लागि प्रदेश परियोजना समन्वय इकाईलाई निर्देशन दिने,

(ञ) कार्यक्रम कार्यान्वयमा प्रदेश परियोजना सहयोग इकाईलाई जिम्मेवार बनाउने र प्रदेश परियोजना सहयोग इकाईबाट सम्पादित कार्यको प्रतिवेदन लिने र पृष्ठपोषण प्रदान गर्ने,

(ट) संघीय तहको परियोजना कार्यान्वयन इकाईसँग आवश्यकता अनुसार सञ्चार र समन्वय गर्ने,

(ठ) परियोजनासँग सम्बन्धित प्रतिवेदनहरु संघीय तहको परियोजना कार्यान्वयन इकाईलाई उपलब्ध गराउन प्रदेश परियोजना सहयोग इकाईलाई निर्देशन दिने,

(ड) राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको कार्यान्वयनका लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारसँग समन्वय र सहकार्यका लागि पहल गर्ने,

(ढ) राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको कार्यान्वयनका लागि संस्थागत संरचनाको स्थापना , विकास र सवलीकरण गर्ने।

५. <u>प्रदेश परियोजना समन्वय इकाई (**Province Project Coordination Unit**)</u>: (१) मन्त्रालयबाट सञ्चालन हुने नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना कार्यान्वयनको लागि नेपाल सरकार र स्वीस सरकारबीच भएको दुई पक्षीय सम्झौता र नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना दोस्रो चरणको दस्तावेज अनुसार आवश्यक समन्वय र अनुगमन गर्नका लागि मन्त्रालयमा देहाय बमोजिमको प्रदेश परियोजना समन्वय इकाई रहनेछः-

(क) संयोजक -शैक्षिक, योजना तथा अनुसन्धान महाशाखा प्रमुख, मन्त्रालय

(ख) सदस्य - महाशाखा प्रमुख/शाखा प्रमुख, मन्त्रालय

(ग) सदस्य -आर्थिक प्रशासन प्रमुख, मन्त्रालय

(घ) सदस्य -प्रतिनिधि, राष्ट्रिय सीप परीक्षण समिति, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, प्रदेश कार्यालय

(ङ) सदस्य- सचिव -अधिकृत, शैक्षिक योजना शाखा, मन्त्रालय

(२) उपदफा (१) बमोजिमको समितिको बैठक महिनामा कम्तीमा एकपटक बस्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवस्यकता अनुसार विभिन्न विषयका विज्ञलाई आर्मन्त्रित गर्न सकिनेछ ।

(४) दफा ५ को उपदफा (१) बमोजिमको इकाईको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वार्षिक कार्यक्रम तथा बजेट तयार गरी स्वीकृतिका लागि परियोजना कार्यान्वयन तथा समन्वय समिति समक्ष पेश गर्ने,

(ख) स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने,

(ग) परियोजना कार्यन्वयनको चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन परियोजना कार्यान्वयन तथा समन्वय समिति र नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना सहयोग इकाई मार्फत संघीय परियोजना समन्वय इकाईमा पठाउने,

(घ) सरोकारवालाहरुको क्षमता अभिवृद्धिका लागि यस कार्यविधिको दफा १२ बमोजिमका कार्यहरु कार्यान्वयन गर्ने,

(ङ) सीप मूल्याङ्कन प्रमाणीकरण कार्यका लागि अनुगमनका विधि तथा निर्देशिकाहरुको अध्यावधिकका लागि परियोजना कार्यान्वयन तथा समन्वय समिति समक्ष पेश गर्ने,

(च) सीप परीक्षण केन्द्रको अनुगमन तथा सुपरीवेक्षण गर्ने,

(छ) सीप प्रमाणीकरण, मूल्यांकन तथा राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीका कार्यहरुका लागि डाटाबेस निर्माण तथा, तथ्याङ्क अद्यावधिक गर्ने,

(ज) राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको कार्यान्वयनका क्रममा सीप परीक्षण कार्यका लागि दफा ११ बमोजिम जनशक्तिको व्यवस्थापन गर्ने,

(झ) नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना सम्बन्धी कार्यशाला, बैठक संचालन गर्ने,

(ञ) राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली सम्बन्धी सचेतनाका लागि सूचना प्रसार गर्न स्थानीय सरकारसँग समन्वय तथा सहकार्य गर्ने,

(ट) मन्त्रालय र परियोजना कार्यान्वयन तथा समन्वय समितिको नीति निर्देशनमा रही स्वीकृत कार्यक्रमहरुको कार्यान्वयन गर्ने,

(ठ) परियोजनाको वित्तीय तथा प्रशासनिक व्यवस्थापनको जिम्मेवारी वहन गर्ने,

(ड) विभिन्न सरोकारवाला निकाय, संघसंस्थाहरुसँग समन्वय गर्ने।

६. <u>प्रदेश परियोजना सहयोग इकाई (**Province Project Support Unit -PPSU**)</u>: (१) मन्त्रालयबाट सञ्चालन हुने नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना कार्यान्वयनको लागि परियोजना कार्यान्वयन तथा समन्वय समिति र प्रदेश परियोजना सहयोग इकाईलाई प्राविधिक सहयोग गर्नको लागि परियोजनाको दस्तावेज बमोजिम देहायका कर्मचारी सदस्य भएको प्रदेश परियोजना सहयोग इकाई रहनेछः-

(क) प्राविधिक संयोजक – संयोजक

(ख) अनुगमन अधिकृत – सदस्य

(ग) वित्त तथा व्यवस्थापक सहायक – सदस्य

(२) दफा ६ को उपदफा (१) बमोजिमको इकाईको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वार्षिक कार्यक्रम तथा बजेट तयार गर्न प्रदेश परियोजना समन्वय इकाईलाई सहयोग गर्ने,

(ख) अनुमोदन भएको वार्षिक कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने,

(ग) वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रदेश परियोजना समन्वय इकाईमा पेश गर्ने,

(घ) सरोकारवालाहरुको क्षमता अभिवृद्धिका लागि यस कार्यविधिको दफा १२ बमोजिम का कार्यहरु कार्यान्वयन गर्न सहयोग गर्ने,

(ङ) सीप मूल्यांकन/प्रमाणीकरण कार्यको लागि अनुगमनका विधि तथा उपकरणहरुको अद्यावधिक गर्न सहयोग गर्ने,

(च) सीप परीक्षण केन्द्रको अनुगमन तथा सुपरीवेक्षण गर्न सहयोग गर्ने,

(छ) सीप प्रमाणीकरण, मूल्यांकन तथा राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीका कार्यहरुका लागि डाटाबेस निर्माण, तथ्याङ्क अध्यावधिक गर्न सहयोग गर्ने,

(ज) राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको कार्यान्वयनका क्रममा सीप प्रमाणीकरण सम्बन्धी कार्यहरुको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नियमावली २०५१ अनुसार योग्य जनशक्तिको छनौट गर्न वा विज्ञको सेवा खरिद कार्यविधिको दफा ११ बमोजिमका कार्यहरु कार्यान्वयमा सहयोग गर्ने,

(झ) नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना सम्बन्धी कार्यशाला, बैठक संचालनमा सहयोग गर्ने,

(ञ) नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना सम्बन्धी सचेतनाका सामाग्री विकास र वितरण तथा सूचना प्रसार सामाग्रीको विकासका लागि सहयोग गर्ने,

(ट) परियोजना कार्यान्वयका लागि स्थानीय सरकारसँग समन्वय तथा सहकार्य गर्न सहयोग गर्ने,

(ठ) संघीय सहयोग इकाईबाट संचालन गरिने विभिन्न कार्यक्रमहरुमा समन्वयकारी भूमिका निर्वाह गर्ने।

(३) दफा ६ को उपदफा (१) बमोजिमको इकाईको सम्पूर्ण व्यवस्थापन Swisscontact (SWISS FOUNDATION FOR TECHNICAL COOPERATION) अन्तर्गत संघीय परियोजना सहयोग इकाईले गर्नेछ।

## परिच्छेद -३

## प्रणाली/परियोजना कार्यान्वयन, सीप मूल्यांकन/प्रमाणीकरणको अनुगमन र प्रतिवेदन

७. **प्रणाली/परियोजना कार्यान्वयन**: (१) प्रणाली/परियोजना कार्यान्वयनका लागि नतिजामा आधारित अवधारणा अनुसार प्रदेश परियोजना सहयोग इकाईले सरोकारवालाहरुसँग छलफल र अन्तर्क्रिया गरी प्राप्त सुझाव समेतका आधारमा वार्षिक कार्यक्रम कार्ययोजना (YPO) तयार गरी परियोजना कार्यान्वयन तथा समन्वय समितिमा पेश गर्नेछ।

(२) परियोजना कार्यान्वयन तथा समन्वय समितिद्वारा स्वीकृत वार्षिक कार्यक्रम कार्ययोजना अनुसार प्रदेश परियोजना सहयोग इकाईले कार्यान्वयन गर्नुपर्नेछ ।

८. **अनुगमन तथा मूल्याङ्कन**: (१) प्रदेश परियोजना सहयोग इकाईले सीप परीक्षण कार्यक्रमलाई थप गुणस्तरीय र प्रभावकारी बनाउन वार्षिक अनुगमन कार्ययोजना तयार गरी निरीक्षण तथा अनुगमन गर्नेछ।

(२) सीप परीक्षण केन्द्रहरुको गुणस्तर सुनिस्चितताका लागि प्रदेश परियोजना कार्यान्वयन इकाईले अनुगमन तथा सुपरिवेक्षण गर्नेछ।

(३) अनुगमन प्रतिवेदनका आधारमा प्रदेशका सीप परीक्षण केन्द्रको नवीकरण तथा न्यूनतम मापदण्ड पुरा नगरेका सीप परीक्षण केन्द्र खारेज गर्न सम्बन्धित निकायलाई सिफारिस गर्नेछ।

९. **परियोजनाको वार्षिक समीक्षाः** (१) परियोजनाको वार्षिक समीक्षा आर्थिक वर्ष सकिएको दुई महिनाभित्र गर्नुपर्नेछ ।

१०. **प्रतिवेदनः** (१) वार्षिक कार्यक्रम कार्ययोजना अनुसार सम्पादन गरेका कार्यहरुको प्रगति प्रतिवेदन तयार गरी परियोजना कार्यान्वयन तथा समन्वय समिति, नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना सहयोग इकाई कार्यालय मार्फत नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) दफा १० को उपदफा (१) बमोजिम प्रत्येक कार्यक्रमको छुट्टाछुट्टै प्रतिवेदन तयार गरी अभिलेखीकरण गर्नु पर्नेछ।

## परिच्छेद -४

## जनशक्ति व्यवस्थापन तथा क्षमता अभिवृद्धि

११. **सीप परीक्षणको लागि जनशक्ति व्यवस्थापनः** (१) सीप परीक्षणका लागि प्रत्येक पेशागत क्षेत्रको लागि आवश्यक पर्ने मूल्यांकनकर्ताहरुको, नियुक्ति, परिचालन, तथ्यांक अध्याबधिक र परीक्षा संचालन लगायतका कार्य गर्न तपसिल बमोजिमको प्रदेश सीप परीक्षण सहजीकरण समिति रहनेछ ।

संयोजक : सचिव, शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय

सदस्य : शैक्षिक, योजना तथा अनुसन्धान महाशाखा प्रमुख मन्त्रालय

सदस्य : निर्देशक, शिक्षा विकास निर्देशनालय

सदस्य : प्रतिनिधि, प्रदेश प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, राष्ट्रिय सीप परीक्षण समिति

सदस्य सचिवः निर्देशक, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, प्रदेश कार्यालय

(२) उपदफा (१) बमोजिमको प्रदेश सीप परीक्षण सहजीकरण समितिले आफ्नो बैठकको कार्यविधि आफै तयार गर्नेछ।

(३) उपदफा (१) बमोजिमको प्रदेश सीप परीक्षण सहजीकरण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) तालिमप्राप्त सीप परीक्षणकर्ताहरुको गुणस्तर सुनिश्चितता, अनुगमन र सुपरिवेक्षण गर्ने,

(ख) तालिमप्राप्त सीप परीक्षणकर्ताहरुको अभिलेखीकरण गर्ने,

(ग) सीप परीक्षण कार्यका लागि राष्ट्रिय सीप परीक्षण समितिसँग समन्वय गर्ने,

(घ) सीप परीक्षण कार्यका लागि मूल्याङ्कनकर्ताहरुको तथ्याङ्क अध्यावधिक गर्ने,

(ङ) सीप परीक्षण कार्यका लागि मूल्याङ्कनकर्ताहरुको नियुक्ति तथा परिचालन गर्ने,

(च) राष्ट्रिय सीप प्रमाणीकरणका लागि सीप परिक्षण केन्द्रको नियमन, परीक्षा सञ्चालन र व्यवस्थापन गर्ने,

(छ) राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको कार्यान्वयन गर्ने,

(ज) मान्यता प्राप्त सीप परीक्षण केन्द्रको अनुगमन, नियमन, नवीकरण र दर्ता खारेजी सम्बन्धी कार्य गर्ने।

१२. **क्षमता अभिवृद्धि:**(१) गुणस्तरीय सीप परीक्षण र पूर्व सिकाइको मान्यता विधि (RPL) को कार्यान्वयनका लागि सरोकारवालाको क्षमता अभिवृद्धिका देहाय बमोजिमका कार्य प्रदेश परियोजना सहयोग इकाईले गर्नेछ:-

(क) सीप परीक्षण केन्द्रहरुलाई मूल्याङ्कनको विधि प्रक्रियाबारे तालिम संचालन गर्ने,

(ख) सीप परीक्षण केन्द्रको आवश्यकताको आँकलन (Need assessment) गरी आवश्यकताका आधारमा सवलीकरण गर्ने,

(ग) सीप परीक्षण केन्द्रलाई आवश्यकताको आधारमा भौतिक पूर्वाधार विकासका लागि सहयोग गर्ने,

(घ) औद्योगिक क्षेत्रको श्रमिकको माग र आपूर्तिको आँकलन गरी मागलाई सम्बोधन गर्नका लागि प्रदेश स्तरीय एक डाटाबेस प्रणाली तयार गर्ने,

(ङ) मन्त्रालय अन्तर्गतका सम्बन्धित कर्मचारीहरुलाई प्रभावकारी अनुगमन तथा सुपरिवेक्षणका लागि तालिम सञ्चालन गर्ने,

(च) राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीलाई कार्यान्वयन गर्नका लागि आवश्यक संयन्त्र र संरचनामा संलग्न हुने जनशक्तिको क्षमता अभिवृद्धि गर्ने,

(छ) सीप परीक्षणकर्ताहरुको क्षमता अभिवृद्धि गर्न तालिम संचालन गर्ने ।

## परिच्छेद - ५

## कार्यक्रम तथा वित्तीय व्यवस्थापन

१३. **कार्यक्रम तथा बजेट:** (१) राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयनका लागि स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम प्रदेश परियोजना समन्वय इकाईले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्नेछ।

(२) प्रदेश परियोजना समन्वय इकाईले तयार गरेको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृतिका लागि परियोजना कार्यान्वयन तथा समन्वय समितिमा पेश गर्नु पर्नेछ।

(३) परियोजना कार्यान्वयन तथा समन्वय समितिले उपदफा (२) बमोजिम प्राप्त बजेट तथा कार्यक्रम स्वीकृतिका लागि संघीय परियोजना सन्चालक समितिमा प्रस्ताव गर्ने छ ।

(४) परियोजना कार्यान्वयन तथा समन्वय समिति र प्रदेश परियोजना कार्यान्वयन इकाईका पदाधिकारीहरुको बैठक, दैनिक भ्रमण भत्ता संघीय/प्रदेश सरकारको मापदण्ड बमोजिम हुनेछ।

१४. **कोष प्रवाह तथा वित्तीय प्रबन्ध:** (१) वार्षिक बजेट तथा कार्यक्रम मन्त्रालयबाट कार्यान्वयन हुने छ । आवश्यकता अनुसार अख्तियारी प्राप्त अधिकारीले अन्य निकाय/कार्यालय/शिक्षालयलाई अख्तियारी प्रदान गर्न सक्ने छ ।

(२) प्रणाली/परियोजनाको खर्चको लेखाङ्कन, लेखापरीक्षण तथा प्रतिवेदन प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद - ६

## संस्थागत विकास

१५. **राष्ट्रिय व्यवसायिक योग्यता प्रणालीको संस्थागत विकासः** (१) प्रदेश तथा स्थानीय तहमा राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको संस्थागत विकासको लागि देहायका कामहरु गरिनेछ:-

(क) प्रदेशभित्र औद्योगिक क्षेत्रको श्रमिकको माग र आपूर्तिको आँकलन गरी तथ्यांक संकलन तथा डाटावेस तयार तथा अद्यावधिक गर्ने,

(ख) प्रदेश भित्र औद्योगिक क्षेत्रको श्रमिकको माग र आपूर्तिको अवस्था सन्तुलन गर्न आवश्यकता अनुसार क्षेत्रगत सीप समिति (Sector Skills Committee) लाई सुझाव दिने,

(ग) प्रदेशभित्र औद्योगिक क्षेत्रको श्रमिकको माग र आपूर्तिको अवस्था सन्तुलन गर्न औद्योगिक क्षेत्रका प्रतिनिधिहरुसँग नियमित छलफल गरी आवश्यकतानुसार सम्बन्धित निकायमा समन्वय गर्ने,

(घ) प्रदेशभित्र श्रम बजारको अन्तर (Labor Market Gap) पहिचान गरी समुदायगत विशिष्ट परम्परागत पेशाको पहिचान र स्तरीकृत गरी राष्ट्रिय योग्यता/क्षमता मानक (National Competency Standard-NCS) बनाउन संघीय निकायसँग समन्वय तथा सहजीकरण गर्ने,

(ङ) प्रदेश देखि स्थानीय तहसम्म राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीलाई लागू गर्न आवश्यक समन्वय र सहकार्य गर्ने,

(च) संचालित सबै कार्यक्रमहरु राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपसँग मिले नमिलेको सुनिश्चित गर्ने,

(छ) नेपालमा राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको संस्थागत विकासको लागि संघीय इकाई/निकायहरुलाई पृष्ठपोषण दिने।

१६. **स्थानीय तह प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम समन्वय समिति (Local Level TVET Coordination Committee):** (१) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमहरुको विद्यमान अवस्था, अवसर, समस्या, चुनौती, सम्भावित समाधान, र सुव्यवस्थित कार्यान्वयनका लागि समन्वयकारी भूमिका निर्वाह गर्न तपसिल बमोजिम प्रदेशका सबै स्थानीय तहमा स्थानीय तह प्राविधिक शिक्षा तथाव्यावसायिक तालिम समन्वय समिति (Local Level TVET Coordination Committee) रहनेछ,-

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) रोजगार संयोजक - सदस्य

(ग) रोजगारदाता संस्थाहरुमध्येबाट सम्बन्धित स्थानीय तहले तोकेको एकजना महिलासहित दुईजना - सदस्य

(घ) प्रमुख, शिक्षा महाशाखा /शाखा - सदस्य सचिव

(२) स्थानिय तह प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम समन्बय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) वार्षिक कार्यक्रम तथा बजेट तयार गर्ने,

(ख) स्वीकृत वार्षिक कार्यक्रम कार्यन्वयन गर्ने,

(ग) वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रदेश परियोजना समन्वय इकाई समक्ष पेश गर्ने,

(घ) स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम कार्यक्रमको अभिलेखीकरण गर्ने,

(ङ) स्थानीय तहभित्रका प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम कार्यान्वियन गर्न समन्वय र सहजीकरण गर्ने,

(च) प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम कार्यक्रम र राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको कार्यान्वयन गर्ने,

(छ) सीप मूल्याङ्कन केन्द्र स्थापना गरिसकेका स्थानीय तहसँग समन्वय गरी सीप मूल्याङ्कनको लागि आवश्यक सहजीकरण गर्ने,

(ज) स्थानीय तहभित्रका उद्योग, व्यवसाय र संघ संस्थामा आवश्यक पर्ने दक्ष जनशक्ति र पेशाको पहिचान तथा अभिलेखीकरण गर्ने,

(झ) स्थानीय तहमा राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीमा आधारित सीप मूल्याङ्कन सञ्चालन गर्न पूर्वाधारको विकास गर्ने, गराउने,

(ञ) प्रादेशिक परियोजना समन्वय समितिसँग समन्वय गर्ने,

(ट) प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम कार्यक्रमको कार्यान्वयन गर्ने।

## परिच्छेद - ७

## विविध

१७. **कार्यविधिमा संशोधनः** (१) यस कार्यविधिमा मन्त्रालयले आबश्यकता अनुसार समयानुकूल संशोधन गर्न सक्नेछ।

(२) यस कार्यविधिमा उल्लेखित कुनै प्रावधानहरु नेपाल कानून वा प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछन्।

१८. **बाधा अडकाउ फुकाउनेः** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा वा समस्या आइपरेमा मन्त्रालयले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ।

१९. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भए देखि बाहेकका अन्य विषयहरुमा प्रचलित कानून बमोजिम हुनेछ।

प्रदेश सरकार

लुम्बिनी प्रदेश

# शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय

मुकाम: बुटवल, नेपाल

# टिप्पणी र आदेश

मिति: २०७९/०२/३१

**बिषय: "राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयन कार्यविधि २०७९" स्वीकृत सम्बन्धमा।**

श्रीमान्

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम क्षेत्रको सुधारका लागि नेपालमा राष्ट्रिय व्यावसायिक शिक्षा प्रणाली (National Vocational Qualification System-NVQS) कार्यान्वयन गर्न नेपाल सरकार र स्वीस सरकार बीच सन् २०२० जुन २० मा दुई पक्षीय सम्झौता भएको।

प्रदेश सरकार संचालन (कार्य बिभाजन) नियमावली, २०७८ अनुसार प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धि कार्य जिम्मेवारी यस मन्त्रालयको रहेको ।

सुशासन नियमावली २०७७ को नियम ९ मा "निर्णय गर्नुपर्ने विषयको प्रकृति अनुरुप उपयुक्त कार्यसंचालन कार्यविधि तयार गरी मन्त्रालयस्तरबाट स्वीकृत गराई लागू गर्नुपर्ने" भन्ने व्यवस्था रहेको ।

सो सम्बन्धमा प्रदेशस्तरमा राष्ट्रिय व्यावसायिक शिक्षा प्रणाली (NVQS) को कार्यान्वयनलाई पारदर्शी, व्यवस्थित तथा नतिजामूलक बनाउन कार्यविधिको आवश्यकता परेको सन्दर्भमा नेपाल सरकार र स्वीस सरकार बीच भएको दुई पक्षीय सम्झौताका आधारमा यस मन्त्रालयबाट तर्जुमा भएको यसैसाथ संलग्न "राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयन कार्यविधि २०७९" स्वीकृत गरी कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक निर्णय हुन पेश गरेको छु ।

(हस्ताक्षर) २०७९/२/३१

(ध्रुव भण्डारी)

कानून अधिकृत

श्रीमान्

पेश भए बमोजिम स्वीकृत गर्न मनासिब देखिन्छ।

(हस्ताक्षर) ०७९/२/३१

माननीय मन्त्रीज्यू,

स्वीकृतिको लागी पेश गरिएको छ।

(हस्ताक्षर) २०७९/२/३१

(कृष्ण प्रसाद ...)

प्रदेश सचिव

सदर

(हस्ताक्षर)

०७९/२/३१

प्रदेश सरकार

लुम्बिनी प्रदेश

# शिक्षा तथा सामाजिक विकास मन्त्रालय

मुकाम: बुटवल, नेपाल

# टिप्पणी फाईल

विषय :- राष्ट्रिय व्यवसायिक योग्यता प्रणाली (NVQS) कार्यान्वयन कार्यविधि २०७९ (स्वीकृत) सम्बन्धमा ।

फाईल नं. :-

[illegible] प्रत्येक अधिकृतले [illegible] छोटकरीमा सहि र मिति [illegible] हुनेछ । [illegible]